औरही नगरपालिका नगर कार्यपालिकाको कार्यालय,औरही महोत्तरीको लागि गाडी भाडामा लिने सम्बन्धी शिलबन्दी दरभाउपत्र पेश गर्ने सूचना ।

प्रथम पटक प्रकाशित मिति २०७७/०६/१९

उपरोक्त बिषयमा यस कार्यालयका लागि निम्न अनुसार विशेषता भएका बढीमा ३ वटा गाडी चालु आ.व.को लागि भाडामा लिनु पर्ने भएकोले इच्छुक गाडीधनिहरुबाट निम्न शर्तको अधिनमा रही आजका मितिबाट १५ दिन भित्र यस कार्यालयबाट रु.१०००।– मा फिर्ता नहुने गरी दस्तुर तिरी दरभाउपत्र खरिद गरी शिलबन्दी गरी पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

१. गाडी धनिहरुले आफुले दिन चाहेको मासिक गाडीभाडा अंक र अक्षरमा प्रष्ट खुलाइ भाडा कर सहितको रकम उल्लेख गरि निवेदन दिनु पर्नेछ ।

२. निवेदन साथै गाडिधनिको ब्लुबुक, चालकको नागरिकता, चालकको अनुमतिपत्रको प्रतिलिपि संलग्न गर्नु पर्नेछ र कार्यालयले इन्धन प्रयोग गर्दा दुरी लगबुक व्यवस्थापन गर्नु पर्ने हुंदा चालक सो लगबुक भर्न सक्ने लेखपढ गर्न जान्ने हुनु पर्नेछ ।

३. गाडीमा इन्धन कार्यालयले नै ब्यहोर्ने हुंदा ईन्धन वाहेकको रकम उल्लेख गर्नु पर्नेछ ।

४. चालकको लागि पारिश्रमीक, भत्ता ,सुविधा, खाना, खाजा लगायत सम्पूर्ण खर्च गाडिधनिले नै ब्यहोर्नु पर्नेछ ।

५. कार्यालयले गाडी २४ घण्टाको समयभित्रको आवश्यकता अनुसार कुनै पनि समयमा प्रयोग गर्न सक्नेछ, गाडी र चालकलाई गाडीधनिले कार्यालय नजिक हुने स्थानमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

६. भाडामा लिएको गाडीको मर्मत सम्भार, सर्भिसिङ्ग गाडीधनि आफैले ब्यहोर्नु पर्नेछ ।

७. भाडामा दिने गाडीको कर चुक्ता, नविकरण र सबै पक्षको बिमा गाडी धनिकै तर्फबाट भएको हुनु पर्नेछ ।

८. गाडीधनिले पेश गरेको गाडीभाडा वापतको रकममा नियमानुसार १० प्रतिशत कर कट्टा गरी भुक्तानी गरिनेछ ।

९. गाडी चालु अवस्थामा हुनु पर्ने र गाडी बिग्रिएको अवस्थामा गाडीभाडा भुक्तानी दिईने छैन ।

१०. शिलबन्दी दरभाउपत्र यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२ बजे सम्म यस कार्यालयमा दर्ता गरीसक्नु पर्नेछ, र सोही दिनको २:०० बजे उक्त शिलबन्दी दरभाउपत्रहरु यस कार्यालयका प्रतिनिधि र गाडीधनिको रोहवरमा खोलिने छ, तर गाडीधनी प्रतिनिधि नआए पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

११. अन्य थप कुराहरु प्रचलित कानून अनुसार हुनेछ ।

गाडीको स्पेशिफिकेशन

१. घटिमा ४ सिलेन्डर भएको ।

२. सन् २०१७ भन्दा पछाडी बनेको/पेट्रोल गाडी भए घटिमा ७ सिट र डिजेल गाडी भए घटिमा ९ सिट क्षमता भएको ।

३. हर्स वापर – पेट्रोल गाडी भए कम्तिमा १४५० सि.सि. र डिजेल गाडी भए कम्तिमा २१५०सि.सि. क्षमता भएको ।

४. फुल अफ्सन सुविधा भएको, सेतो सिल्भर कलरलाई प्राथमिकता दिईनेछ ।

२०७७/०६/१९

.............................
(चुडाराज भट्टराई)
प्रमुख प्रशासकीय अधिकृत
औरही न.पा.महोत्तरी